
# लेखापरीक्षण प्रतिवेदन

## सुस्ता गाउँपालिका, नवलपरासी

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## सुस्ता गाउँपालिका, नवलपरासी

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/484

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
सुस्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कुडिया, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)।

**कैफियतसहितको राय**

हामीले सुस्ता गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गाउँपालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२ करोड ७३ लाख ५२ हजार, स्वास्थ्य क्षेत्र सुधारमा रु.७ लाख २५ हजार र गरिवीसंग विश्वेश्रवर कार्यक्रममा रु.३ लाख ९० हजार समेत गरी रु. १२ करोड ८४ लाख ६७ हजार सुत्रमा लेखांकन गरेको छैन ।

२. सुस्ता गाउँपालिकाको रु.१ अर्ब १० करोड ५८ लाख ६१ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड ८१ लाख ७० हजार बेरुजू देखिएकोमा सोसम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन। बेरुजुमध्ये असुल गर्नुपर्ने रू.२ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ५३ लाख ९३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २५ लाख ४९ हजार रहेको छ। पालिकाको गत वर्षसम्मको बेरुजु रु.१८ करोड ३२ लाख ९१ हजार मध्ये रु.७ लाख २२ हजार फर्स्यौट भई सम्परीक्षण पश्चात गत वर्षसम्मको बेरुजु रकम रु.१८ करोड २५ लाख ६९ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.२० करोड ७ लाख ३९ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने सुस्ता गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी सुस्ता गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५७ | ४३ | १,८१,७०,०६३ | ० | ० | ० | ० | ५७ | ४३ | १,८१,७०,०६३ | २,२७,९६० | १,२५,४९,४३१ | ५३,९२,६७२ | ० | ० | १,७९,४२,१०३ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्ता पश्चिम | १८,३२,९०,८८० | ० | ७,२२,३७४ | १८,२५,६८,५०६ | ० | १,८१,७०,०६३ | २०,०७,३८,५६९ |

2

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | १६.१ | राजश्व दाखिला नभएको | ७,२२,३७४ |
| जम्मा | | | | ७,२२,३७४ |

# (८०५४७५०१३०० - सुस्ता गाउँपालिका, नवलपरासी )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ। यस पालिकामा ७ वडा ९६.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ४१३९६ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।२९ देखि २०८१।१०।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ गरी जम्मा रु.१ अर्ब १० करोड ५८ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन म.ले.प.फारम नं। २७० देहाय बमोजिम रहेको छ ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | |
|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार | |
| | | जम्मा | जम्मा | |
| | राजस्व , अनुदान र अन्य प्राप्ति | | | |
| ११००० | कर | ९५७६१०३१.१५ | ८६९९२१३०.६५ | ८६९९२१३०.६५ |
| १३००० | अनुदान | २८०९२११२३.६८ | २८८६७९१७४ | २८८६७९१७४ |
| १४००० | अन्य राजस्व | ४६३२२३८१.४७ | १०८२०३१६.६५ | १०८२०३१६.६५ |
| १५००० | विविध प्राप्ति | २७४०५६० | ३५३०० | ३५३०० |
| क | कुल जम्मा प्राप्ति | ४२५७४५०९६.३ | ३८६५२६९२१.३ | ३८६५२६९२१.३ |
| ३ | चालु | २३२६१२८८१.२९ | २०७७१९६०६.७९ | २०७७१९६०६.७९ |
| २१००० | पारिश्रमिक / सुविधा | ४२१७६८७९.१७ | ८११९५३१०.१६ | ८११९५३१०.१६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १८३७९०४८३.१२ | १२१२७५९१३.६३ | १२१२७५९१३.६३ |
| २५००० | सहायता (Subsidy) | १०८६००० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | ४४५५३०४ | ४१२०४९० | ४१२०४९० |
| २८००० | अन्य खर्च | ११०४२१५ | १२०७८९३ | १२०७८९३ |
| ४ | पूंजीगत | १७९०८९९८८ | १८८५५०३१५ | १८८५५०३१५ |
| ३१११० | भवन तथा संरचना | १४६३७०७५ | २८२०९७६८ | २८२०९७६८ |
| ३११२० | सवारी, साधन , मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | ६२८३५९३ | ४४९८१५० | ४४९८१५० |
| ३११३० | अन्य पूँजीगत खर्च | ५८७१८० | ४९६७४८ | ४९६७४८ |
| ३११४० | सुरक्षा उपकरण | ० | ४९६०५७ | ४९६०५७ |
| ३११५० | सार्वजनिक निर्माण | १५६०९३०७४ | १५२८२१२५३ | १५२८२१२५३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ६७६८२१ | २०२८३३९ | २०२८३३९ |
| ३११७० | पूँजीगत सुधार खर्च | ८१२२४५ | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | ४११७०२८६९.२९ | ३९६२६९९२१.७९ | ३९६२६९९२१.७९ |
| ग) | बचत /कमी (ग = क-ख ) | १४०४२२२७.०१ | -९७४३०००.४९ | -९७४३०००.४९ |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | -४२२९०८४.९९ | २८०७११९.५ | २८०७११९.५ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -३०६७ | -३०५८८६ | -३०५८८६ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ९८१३१४२.०२ | -६९३५८८०.९९ | -६९३५८८०.९९ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २५२२९८७५७.७ | २५९२३४६३८.६९ | २५९२३४६३८.६९ |

| | | | | |
|---|---|---|---|---|
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २६२१११८९९.७२ | २५२२९८७५७.७ | २५२२९८७५७.७ |

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२७३५२२७० ।– स्वास्थ्य क्षेत्र सुधारमा रु.७२५०००।- र गरिवीसंग विश्वेश्रवर कार्यक्रममा रु.३९०१५०।- समेत गरी रु. १२८४६७४२०।- को खर्च तथा बजेट रकम रु.१२८५६९०००।- को लेखा सुत्रमा समावेश गरेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं | बजेट शीर्षक | संघ।प्रदेश बजेट | विनियोजन रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | संघ | ७२५००० | ७२५००० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | संघ | १२७४२९००० | १२७३५२२७० |
| | गरिवीसंग विश्वेश्रवर कार्यक्रम | संघ | ४१५००० | ३९०१५० |
| | जम्मा | | १२८५६९००० | १२८४६७४२० |

४ **बैङ्क हिसाव विवरण**

स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाबाट पेश भएको सुत्रको मलेप फारम नं २७० को अनुसूची ६.२ अनुसार देहाय अनुसार बैंक तथा स्रेस्ताको मौजदात रकेको विवरण पेश भएको छ ।

स्थानीय तह विविध कोष खाता तर्फको रु. ४२४७९२०।- स्रेस्ता तर्फ नदेखिएकोले उक्त रकम समेत स्रेस्ता तर्फ समावेश गरी हिसाब मिलान गर्नुपर्दछ ।

| आ.व. : २०८०/८१ अवधी : - स्थानीय तह : सुस्ता गाउँपालिका नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | | | |
|---|---|---|---|
| बैंक तथा नगद बाकी | | | |
| यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छ | | | |
| बैंकको नाम | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| एन एम बि बैंक लि. | ग २.७ विविध खर्च खाता | ११२७९३१.५१ | ११२७९३१.५१ |
| एन एम बि बैंक लि. | ग ३.१ स्थानीय तह धरौटी खाता | १०५१९४०७ | १०५१९४०७ |
| एन एम बि बैंक लि. | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | २४४८५६६१२.६१ | २४४८५६६१२.६१ |
| एन एम बि बैंक लि. | ग ५.१ स्थानीय तह विविध कोष खाता | ० | ४२४७९२० |
| एन एम बि बैंक लि. | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५६११०१५.६ | ५६११०१५.६ |
| जम्मा | | २६२११४९६६.७२ | २६६३६२८८६.७२ |

५ **वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरण**

आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा ५६ र नियमावली, २०७७ को नियम ७३ बमोजिम प्रत्येक कार्यालयले महिना समाप्त भएको सात दिनभित्र खर्चको फाँटवारी फस्यौट हुन बाँकी पेश्कीको विवरण राजस्व धरौटीको विवरण राजस्वको वैंक हिसावको विवरण धरौटी मिलान विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेखसँग रुजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा यस कार्यालयले सो गरेको पाइएन यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

## ६ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- कार्यालयको श्रेष्ता र बैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी कन्टिजेन्सी खाता राखेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## ७ सफ्टवेयर खरिद तथा उपयोग

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं ४१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. १९ लाख ७७ हजार १८७ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

| क्र. स . | सफ्टवेयरको नाम | खरिद वर्ष | खरिद रकम | संचालन अवस्था | प्रयोग भएको शाखा |
|---|---|---|---|---|---|
| १ | योजना व्यवस्थापन सफ्टवेयर | २०७८/७९ | ४८९२९० | चालुमा नभएको | योजना शाखा |
| २ | राजस्व आय लेखा प्रणाली | २०७६।७७ | ४९८२३० | चालुमा नभएको | राजस्व शाखा तथा वडा कार्यालयहरु |
| ३ | सम्पत्ति कर व्यवस्थापन प्रणाली | २०७६।७७ | ४९८२३० | संचालन नभएको | राजस्व शाखा तथा वडा कार्यालयहरु |
| ४ | नेटवर्किङ सफ्टवेयर | २०७९।८० | ४९१४३७ | संचालन नभएको | सूचना प्रविधि शाखा |
| | जम्मा | | १९७७१८७ | | |

## ८ नीति योजना तथा कार्यक्रम कार्यान्वयन

सुस्ता गाउँपालिकाको आव २०८०/८१ को नीति तथा कार्यक्रम, २०८० असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा कार्यक्रममा प्रस्तुत भएका विषयवस्तुहरूमध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । सभामा प्रस्तुत नीति तथा कार्यक्रममा नै उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएकाहरू शिक्षा स्वास्थ्य कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वियन नभएका उदाहरणहरु देहाय अनुसार छन :

- राजश्व तथा कर असुलीका नयाँ श्रोतहरु खोजी गरि गाउँपालिकाको आन्तरिक आयलाई यथार्थपरक र वास्तविकतामा आधारित बनाइनेछ।
- सम्पती कर व्यवसाय करबहाल बिरौटी कर विज्ञापन कर आदिलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधीनिर्देशिका बनाइ व्यवस्थित गरिनेछ।
- सुस्ता गाउँपालिका क्षेत्र भित्रको कृति योग्य जमिनको पहिचान गरी नमुना ब्यवसायिक खेतीको रुपमा एक गाँउ एक उत्पादन गर्ने कार्य आरम्भ गरिनेछ।
- चिस्यान केन्द्र संचालनमा सहभातगिता जनाउने सहकासरी संस्था वा कृषक समुहलाई प्रोत्साहित गरिनेछ।
- पालिकाभित्र निर्मित संरचनाहरुको दिगो उपयोग तथा मर्मत सम्भारका लागि सम्भार कोष स्थापना गरि संचालनमा ल्याइनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न एक वडा एक नमुना विद्यालय कार्यक्रम कार्यान्वियनमा ल्याइनेछ।
- सुस्ता गाउँपालिकाको सेवा प्रवाह जानकारी सन्देश र अनुरोधलाई सेवाग्रहीको हातहातमा पुर्‍याउन मोबाइल एप्स लाई प्रभावकारी रुपमा काकर्यान्वियनमा ल्याइनेछ।
- शितभण्डार संचालनपुर्वाधार प्रयोगशाला संचालनदमकल सेवा सिमा नदि तथा घोला सरसफाई जस्ता व्यापक क्षेत्र ओगट्ने सेवाहरु अन्तरपालिका साझेदारीमा संचालन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइनेछ।

## ९ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | बजेट | कुल खर्च | खर्च प्रतिशत | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | अषाढ महिना |
| पूँजिगत खर्च तर्फ | २०५४८७०५३ | १७९०८९९८८ | ८७.१५ | ९६६४४ | १२६६५१६२ | २७७८४६८४ | १३८५४३४९८ | ८९८६८०७७ |
| | | खर्च प्रतिशत | | ०.०६ | ६.१६ | १३.५२ | ६७.४२ | ४३.७३ |

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १७ करोड ९० लाख ८९ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.९६हजार ६४४ अर्थात ०.०६ प्रतिशत दोश्रो त्रैमासिकमा रु. १ करोड २६ लाख ६५ हजार अर्थात ६.१६ प्रतिशत तेस्रो त्रैमासिकमा रु २ करोड ७७ लाख ८४ हजार अर्थात १३.५२ प्रतिशत चौथो त्रैमासिकमा रु.१३ करोड ८५ लाख ४३ हजार अर्थात ६७.४२ प्रतिशत र असार महिनामा मात्रै रु. ८ करोड ९८ लाख ६८ हजार अर्थात ४३.७३ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

१० **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को दफा ५२४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण उत्पादनमुलक रोजगारी लागत सहभागिता स्थानीय स्रोत र साधन समावेशी विकास दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु. २ लाखदेखि ५ लाखसम्मका | रु. ५ लाख देखि १० लाखसम्मका | १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७ | २८ | ५० | १२ | ९ | १०६ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस जम्मा १०६ वटा योजना संचालन गरेकोमा रु १ लाख भन्दा कम सम्मका ७ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने देखिन्छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भुमिका रहेका वडा सचिवको दरवन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम रहेका छन्। रिक्त पदको पदपूर्ति गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त संख्या |
|---|---|---|---|
| ५ | ५ | ३ | २ |

१२ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१३ **सेवाप्रवाह विवरण**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | सिफारिस भएको संख्या |
|---|---|
| जन्मदर्ता | ९१३ |
| मृत्युदर्ता | २१८ |
| बसाईसराई दर्ता | ११३ |
| विवाह दर्ता | ३६४ |
| सम्बन्धविच्छेद दर्ता | १७ |
| | किलोमिटर |
| सडक पूर्वाधार पि सि सि ढलान | २४४.१ |
| कालोपत्रे सडक निर्माण | ५९० |
| कालोपत्रे सडक मर्मत | ५.३ |
| ग्राभेल सडक निर्माण | ४.३ |
| कृषि बाटो | ०.६ |

१४ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३१०६०९९७ | २३५८२३४६ | ७५.९२ |
| २ | पूर्वाधार विकास | १७६०४०३३६ | १५४५१४४१२ | ८७.७७ |
| ३ | सामाजिक विकास | २१०३०७८०० | १६९३००९७३.६८ | ८०.५ |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास सेवा प्रवाह र सुशासन | १५४६५०० | ९०८२८५१ | ५८.७३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६६०६८३०० | ५५२२२२८६.६१ | ८३.५८ |
| | जम्मा | ४९८९४२४३३ | ४११७०२८६९.२९ | ८२.५१ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा बढी ८७.७७ प्रतिशत र संस्थागत सुशासनमा सबै भन्दा घटीमा ५८.७३ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

१५ **कानुन निर्माण र कार्यान्वयन**

यसमा निम्न व्यहोरा देखिएका छन्

**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले आ.व. २०८०।८१ सम्म १४ वटा ऐन ४ वटा नियमावली २१ वटा कार्यविधि २ वटा निर्देशिका लगायत ४१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नुपर्दछ ।

**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको ३ र यस वर्षको ३३ वटा उजुरी तथा विवाद गरी जम्मा ३६ वटा दर्ता भएकोमा यस वर्ष जम्मा ३३ वटा फछ्र्यौट गरिएको छ । जसमध्ये ३ वटा उजुरी तथा विवाद फछ्र्यौट हुन बाँकी रहेको पालिकाले जानकारी दिएको छ। दर्ता भएका उजुरीहरु समयमै फछ्र्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ ५७ ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस पालिकाले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति देहाय बमोजिम छन्

| आ व २०८०।०८१ को | | | | | आ व २०७९।०८० को | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी | अनुमान | आम्दानी |
| १ | ११३१३ | सम्पती कर | ० | ५२४० | | |
| २ | ११३१४ | भुमिकर/मालपोत | २४७५००० | १२५६८७४.४५ | २२५०००० | ८१५६५४ |
| ३ | ११३१७ | वहाल कर | ५५०००० | ५१६२७१.३२ | ५००००० | ७१९२९३.२६ |
| ४ | ११३१८ | वहाल विटौरी कर | २३१०००० | १९४०९२५ | २१००००० | ७६२५१० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ० | ९७०० | १०००० | २१९२९० |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | ५००० | | |
| ७ | ११६९१ | अन्य कर | ३३०००० | ३०३६४८ | ३००००० | ७३३८२२.१६ |
| ८ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ० | २९५२६ | ० | ० |
| ९ | १४२१८ | विद्युत सेवा शुल्क | ० | १८०० | ० | ० |
| १० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ४५२२६१.९२ | ० | ० |
| ११ | १४२२१ | न्यायिक दस्तूर | ० | ५२५० | ० | ० |
| १२ | १४२२४ | परीक्षा शुल्क | ० | १५००० | ० | ० |
| १३ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ७९०४६० | ० | ० |
| १४ | १४२४२ | नक्सापास दस्तुर | ३३००० | २९३९२४.१६ | ३००००० | ५००० |
| १५ | १४२४३ | सिफारिश दस्तुर | ३४१०००० | १८९४६८१.५ | ३१००००० | १५४९८८८ |
| १६ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ६१५२२० | ० | ० |
| १७ | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ८५४०० | ० | ० |
| १८ | १४२४९ | अन्य दस्तुर | ० | १६५४३४८.०३ | ० | ० |
| १९ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | ६५१०० | ० | ० |
| २० | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ० | ६०० | ० | ० |
| २१ | १४२६५ | अन्य क्षेत्रको आय | ११४००० | ० | २४०००० | ३०९१९२१.५६ |
| २२ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५५०००० | १५८९६०० | ५००००० | १३२४६९३ |
| २३ | १४३१३ | धरौटी सदरस्याहा | ० | ६००० | ० | ० |
| २४ | १४५२९ | अन्य राजस्व | ० | २४७९८९ | ० | ० |
| २५ | १४६११ | व्यवसाय कर | ९६५००० | १६८०० | ८५०००० | ० |
| २६ | १५१११ | बेरूजू | १७६०००० | २७४०५६० | १६०००० | ३५३०० |
| जम्मा | | | १०९१३००० | १४५४२१७९.३८ | १०३१०००० | ९२५७३७१.९८ |

गत आ.व. मा जम्मा रु. ९२५७३७१.९८ कर असुली भएकोमा यस वर्ष रु.१४५४२१७९।३८ कर असुली भएको छ। पालिकाले करको दायरा वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१७ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ ।पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत शुल्क सिफारिस दस्तुर सेवा शुल्क लगायतको शीर्षक बाट अनुमानित रु १०९१३०००/- रकम राजश्व प्रक्षेपण गरेकोमा पालिकाले यस आ.व. को अन्त्यमा रु १४५४२१७९.३८ मात्र राजश्व संकलन गरेको देखिन्छ ।पालिकाले अन्य स्रोतहरुको समेत पहिचान गरी आन्तरीक आम्दानी वढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

१८ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक श्रोत अन्तर्गत खानी जंगल तथा अन्य श्रोत पूर्वाधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना बजेट प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३९७१६०६९० | १४५४२१७९ | ३.६ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२० **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरी गाउँपालिका अध्यक्षको तोक आदेशबाट अति गरिव भएको भनि निवेदन पेश गरी औषधी खर्च, काज क्रिया लगायतमा अन्य कार्यमा २००० देखि १००००।सम्म वितरण गरी आर्थिक सहायतमा यो वर्ष रु. ४५००००।- वितरण गरेको पालिकाबाट आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

२१ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु १६८०० मात्र कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२२ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा भिडियो हल सांस्कृतिक प्रदर्शन हल संगित थियटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको प्रवेशमा प्रवेश शूल्क लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकबाट

कुनै पनि खाले मनोरञ्जन कर संकलन गरेको छैन । यस पालिकाको क्षेत्र भित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

२३ **मालसामानको गुणस्तर**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरुको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकामा दर्ता भएका जम्मा सहकारी संस्थाहरु २१ वटा रहेका छन। भने बाँकी २१ वटा सहकारी संस्थाहरुको अनुगमन गरेको अनुगमन प्रतिवेदन पेश गरेको छैन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२५ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख मलेप फारम ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मितिम्याद थप भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२६ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका लागत अनुमान उपभोक्ता समितिको गठन सम्बन्धि कागजात योजना सम्झौता बैठकको माइन्यूट मूल्यांकन प्रतिवेदन लगायतको कागजात मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

२७ **जनप्रतिनिधिले पेश्की**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा जनप्रतिनिधिहरुले बजेट निति तथा कार्यक्रम तर्जुमा गरी सभाबाट स्वीकृत गरी प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।पालिकामा जनप्रतिनिधिहरुले सभाबाट स्वीकृत बजेट तथा कार्यक्रमहरुको संचालन तथा कार्यन्वयनको अनुगमन गरी निर्देशन दिनु पर्नेमा जनप्रतिनिधिले कार्यक्रम संचालन लागि पेश्की लिई खर्च गर्ने गरेको छ ।पालिकामा कार्यरत कर्मचारीले स्वीकृत कार्यक्रम संचालन गर्नुपर्नेमा जनप्रतिनिधिले पेश्की लिइ कार्यक्रम संचालन गरेको नियमसम्मत नदेखिएकोले जनप्रतिनिधिले पेश्की लिइ खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| जनप्रतिनिधिको नाम | कार्यक्रमको विवरण | पेश्की रकम |
|---|---|---|
| वडा अध्यक्ष प्रभुनाथ यादव | मेला व्यवस्थापनको लागि | १४०००० |
| वडा अध्यक्ष प्रभुनाथ अहिर | शिवमन्दिर धाम मेला व्यवस्थापन | १४०००० |
| वड अध्यक्ष निल वहादुर गुरुङ्ग | फुटवल प्रतियोगिताको लागि | ५००००० |

२८ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ५८ लाख ३५ हजार सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ | उपप्रमुख/ | वडाअध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ | सभाका सदस्य १५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | | | | |
| १. | यातायात खर्च | ० | १४४००० | ६००००० | ४३२००० | ५४०००० | १७१६००० |
| २. | मर्मत सम्भार | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ३. | पुस्तक, पत्रीका , ईन्टरनेट | ४८००० | ४८००० | १८०००० | २१६००० | ३६०००० | ८५२००० |
| ४. | जनसम्पर्क तथा विशेष सुबिधा | १२०००० | ९६००० | ३६०००० | ३६०००० | ५४०००० | १४७६००० |
| ५. | अतिथि सत्कार | ७२००० | ६०००० | २४०००० | ० | ० | ३७२००० |
| ६. | खानेपानी/बिजुली/सरसफाई | ६०००० | ६०००० | ० | ० | ० | १२०००० |
| ७. | चाडपर्व खर्च | १५००० | १५००० | ६०००० | ६०००० | १०५००० | २५५००० |
| ८ | संचार | ४२००० | ३६००० | १८०००० | २१६००० | ४५०००० | ९२४००० |
| | जम्मा | ४१७००० | ५१९००० | १६२०००० | १२८४००० | १९९५००० | ५८३५००० |

२९ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले कार्यसंचालन निर्देशिका २०७९ स्वीकृत गरी स्थायी कर्मचारीलाई ३० प्रतिशत सम्म कर्य सम्पादनमा ७५ अंक भन्दा बढी प्राप्त गर्नेलाई प्रोत्साहन दिने उल्लेख गरोमा यो बर्ष प्रोत्साहन भत्तामा रु १५३२००० खर्च लेखेको छ । पालिकाको आन्तरिक आय कार्य वोझ समेत विचार गरी कानुन बमोजिम कार्यविधि बनाई खर्च लेख्नुपर्दछ ।

३० **गाई भैसी सुत्केरी पोषण कार्यक्रम**

पालिकाले गाई भैसी सुत्केरी पोषण कार्यक्रम संचालन कार्यविधि, २०७९ को स्वीकृत गरेको छ । कार्यविधिको वुदा न. ७ ख मा सुस्ता गाउँपालिका कृषकहरुलाई सुत्केरी गाई भैसीको लागि १५०० वा पशुलाई मिनरल मिक्चर वा सन्तुलीत दाना उपलव्ध गराउन सक्ने उल्लेख गरेको छ । पालिकाको कृषि समितिले पशु सेवा शाखामा पेश भएका विवरणको अधारमा छनोट गरी ३०० गाई भैसीलाई रु १५००।का दरले मिनरल मिक्चर वा सन्तुलित दाना खरिद गरी यस वर्ष रु ४५००००।- खर्च लेखेको छ ।पालिकाले गाईभैसी सुत्केरी पोषण अनुदान कार्यक्रमबाट पशुपालन व्यवसाय प्रतिको आकर्षण तथा गाई भैसी पाल्ने कृषकहरुको सख्यामा वृद्धि भए नभएको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

३१ **जेष्ठ नागरिक सम्मान कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।संघीय सरकारबाट जेष्ठ नागरीक, एकल महिला, अपाङ्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा पालिकाले प्रत्येक वर्ष वडा स्तरमा बजेट विनियोजन गरी पालिकाले कार्यविधि तथा मापदण्ड वेगर कम्मल तथा सल खरिद गरी वितरण गरेको छ । तसर्थ यस्तो खर्च प्रतिस्पर्धात्मक रुपमा खरिद नगरेको तथा वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले वितरण समेत नगरेले वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो भौ न | वितरण गरीयको सामान | वितरण प्राप्त गर्ने | रकम |
|---|---|---|---|
| १९७।११।१६ | सल र ब्लयाङकेट | जेष्ठ नगरीक सम्मान | २९९९९९ |
| ३६५।२।२१ | सल वितरण | जेष्ठ नगरीक सम्मान | २९९९९८ |
| ४४६।३।१३ | झुल वितरण | जेष्ठ नागरीक | २८३४७९ |

## ३२ कृषकलाई अनुदान तथा वितरण

पालिकाले कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय प्रवर्द्धनको कार्यक्रमको लागि अनुदान दिने गरी कार्यक्रम स्वीकृत गरेको छ । संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले पनि कृषि तथा पशु व्यवसय प्रवर्द्धनको लागि कार्यविधि तथा निर्देशिका बनाई वितरण गर्ने गरेको छ । पालिकाले यसवर्ष लक्षित समुह तथा कृषकलाई अनुदान दिएकोले अनुदान रकमको परदर्शिता तथा जफादेहिताको लागि अनुदान पाउने व्यक्ति तथा समुहको नाम ठेगाना तथा अनुदानको किसिम वेभसाइटबाट सार्वजनिकीकरण गर्नुपर्ने देखिन्छ ।

| गो भौ न | अनुदानको विवरण | खर्च रकम |
|---|---|---|
| ६६।७।१७ | व्यवसायीक फर्म तथा समुहलाई घाँसक विउ | ३५०००० |
| ७०।७।१९ | तरकारी मिनिकट वितिरण | १४९९६० |
| १०८।९।३ | विभन्न तरकारी विउ वितरण | १५२३०० |
| २५२।१२।२६ | वर्षिम घांस वितरण | १४९२७० |
| ३१९।१।२६ | माछाक भुरा वितरण | २९९२२० |
| ३९३।२।२९ | काउ म्याट वितरण | ४९२९६० |
| ३७७।२।२३ | केरा खेतिमा आधारित जैविक मल उत्पादन कार्यक्रम | ४९२४५० |
| ५८९।३।२४ | चापकल वितरण ५० प्रतिशत अनुदान | १३८७००० |
| ५९७।३।२४ | सिंचाई मोटर वितरण ५० प्रतिशत अनुदान | १८२८२५० |
| जम्मा | | ५३०१४१० |

## ३३ अध्यक्ष शिक्षित रोजगार कार्यक्रम

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले कार्यक्रम तथा योजना कार्यान्वयन गर्दा उत्पादनमुलक प्रतिफल प्राप्त गर्न सकिने योजनालाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।पालिका भित्र संचालित विद्यालयहरुमा दरवन्दि अनुसार नियुक्त शिक्षकहरुलाई संघीय सरकार सशर्त कार्यक्रमबाट बजेट विनियोजन गरी खर्च लेखेकोमा पालिकाले पनि शिक्षक विद्यार्थी अनुपात मिलान वेगर शिक्षक २५ विद्यालयमा गत विगत वर्ष निजी स्रोतका शिक्षकलाई बजेट विनियोजन गरी शिक्षक तलव भत्तामा खर्च गर्दै आएकोमा पालिकाले यस वर्ष अध्यक्ष शिक्षित रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० स्वीकृत गरेको छ ।स्वीकृत कार्यविधिको वुदा न. ६ मा शिक्षित रोजगार कार्यक्रममा छनोट भएका व्यक्तीहरुको सेवा सुविधा उल्लेख गरेको र वुदा न ५ मा एक पटक छनोट भएपछि एक आर्थिक वर्षमा १०० दिनको लागि मात्र कायम रहने उल्लेख गरेको छ ।पालिकाले शिक्षित रोजगार कार्यक्रममा ७१ जनालाई छनोट गरी दैनिक रु ६००।- का दरले पारीश्रमिक दिने गरी नियुक्त गरेका शिक्षकले यस वर्ष ४५ दिन देखि ६३ दिन सम्म अध्यापन गराई यो वर्ष रु २४२८८००।- पालिकाले खर्च लेखेको छ ।पालिकाले बजेट तथा नीति कार्यक्रममा दिर्घकालिन योजनालाई

प्राथमिकता दिनुपर्नेमा प्रचारमुखी कर्यक्रम अध्यक्ष शिक्षित रोजगार कार्यक्रमबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने भनि विद्यालयमा दरवन्दी तथा निजी श्रोतका शिक्षकले अध्ययपन गराईरहेको विद्यालयमा शिक्षित रोजगारको नामम पटेकरुपमा केही दिनको लागि नियुक्त शिक्षकलेहरुले गुणस्तरीय शिक्षा प्रदान गर्ने आधार पुष्टि वेगर पालिकाका युवालाई रोजागार दिने गरी नियुक्त गरी खर्च लेखेको नियमसम्त नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २४,२८,८०० |

३४ **विद्युत महसुल**

पालिकाले विद्युत महसुल समयमा तिरी रिवेट छुट लिनु पर्दछ । गो. भौ. न. ५६।०८०।७।१ बाट विद्युत महसुल रु २०००००।- भुक्तानी गरेकोमा विद्युत जरिवाना वापत रु २६६७७।- भुक्तानी गरेको छ । कार्यालयले समयमा विद्युत महसुल भुक्तानी नगर्दा कार्यालयलाई थप व्ययभार परेकोले समयमा विद्युत महसुल भुक्तानी गरी रिवेट छुट लिनुपर्दछ ।

३५ **परामर्श सेवा**

३५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ परिच्छेद ६ नियम ८४ र ८५ अनुसार बोलपत्र सिलवन्दी दरभाउपत्र र सौझै खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको रु १९४६२७९।- परामर्श सेवा लिई खर्च गरेको छ ।

| गो भौ न | कामको विविरण | परामर्शदाताको नाम | रकम |
|---|---|---|---|
| २२३।३।६ | प्रथम आवधिक योजनाको समिक्षा | लुम्विनि सामाजिक विकास केन्द्र | ४९०००० |
| २२३।३।६ | सभाहला विस्तार | सुस्ता कन्सट्रक्सन प्रा ली | ९६५११५८ |
| ४५५।३।१४ | आन्तरिक नियन्त्रण प्रणाली | ग्रिन इन्जिनियरिङ्ग कन्सर्न प्रा ली | ४९११२१ |
| ६००।०८१।३।२४ | वास योजना निर्माण | नव किरण नेपाल | १४४८७७० |
| जम्मा | | | ३३९५०४९ |

**लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत सर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाईयो । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

**विज्ञको उपस्थिति** - परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन। जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

**अभिलेख** – परामर्शसेवा, अध्ययन तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर. तथा अध्ययन प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहरुको दोहोरोपना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर. प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

३५.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा यसरी सेवा लिदाँ सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । पालिकाले भौ नं २२३।०८१।३।६ बाट प्रथम आवधिक योजनाको समिक्षा पालिकाको जनशक्तिबाट नै गराउनुपर्नेमा बाह्य संस्था लुम्विनी सामाजिक विकास केन्द्रबाट रु. ४९००००।- मा गराएकोले नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९०,००० |

३६ **पालिकाको वास योजना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स, कार्यक्षेत्रगत सर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था छ ।पालिका भित्र पानिमा आर्सेनिकपना बढी पाइएकोले पानीको भरपर्दो स्रोत तथा सरसफाई व्यवस्थापनको लागि वास योजना अनलाईन पोर्टल निर्माण गर्न लागत अनुमान तयार गरी प्रस्ताव माग गर्नुपर्नेमा वास योजना निर्माणको लागि सम्वन्धित निकायबाट नर्म्स स्वीकृत नभएकोले लागत अनुमान विना प्रस्ताव माग गरेकोमा सवै भन्दा कम कवोल गर्ने नव किरण नेपालले रु १४४८७७०।- को प्रस्ताव स्वीकृती गरी सम्झौत गरेको छ ।सम्झौता अनुसार नव किरण नेपालले पालिकाको वास योजनाको अनलाईन पोर्टल तयार गरी खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिस्टममा समेत राखेको जनाई पालिकाले गो भौ न ६००।०८१।३।२४ बाट रु १४४८७७०।- भुक्तानी दिएको छ । स्वीकृत नर्म्स वेगर प्रस्ताव माग गरी भुक्तानी दिएकोले लागत वास्तविक तथा यथार्थपरक भए नभएको यकिन गर्न नसकिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,४८,७७० |

३७ **राष्ट्रिय शिक्षा नीतिको कार्यावन्वयन**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी सो अनुसार अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

३८ **तलवी प्रतिवेदन**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फका १४ कर्मचारीको रु.७९९६७८५ र स्वास्थ्यतर्फका ३२ कर्मचारीहरुको रु.१३७९२५८५ गरी जम्मा रु. २१७८९३६९ तलव खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३९ **संस्थागत विद्यालयको अनुगमन नभएको**

राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । साथै शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ।

४० **सार्वजनिकरण**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकासंग निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण माग गर्दा प्राप्त भएन। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको

कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

४१ **पोषण भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेमा मात्र खर्च गर्न सकिने उल्लेख छ। पालिकाले प्रति सुत्केरी रु. २००० पोषण भत्ता दिने निर्णय गरेकोमा उक्त भत्ता खर्च पालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्नु पर्नेमा संघीय सशर्त चालुतर्फ विनियोजन भएको रकम खर्च गरी बाँकी रहेको रकमबाट १३० सुत्केरीको प्रति सुत्केरी रु .२००० का दरले रु.२६०००० खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६०,००० |

४२ **विद्यालयलाई प्रति विधार्थी अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहाय अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि देहाय अनुसार विद्यालयहरुमा रु.२१०६१०० निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) नगराई IEMIS मा उल्लेखित विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अनुदानको शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र. सं . | विद्यालय संख्या | विद्यार्थी संख्या | अनुदानको प्रकार | रकम |
|---|---|---|---|---|
| १ | १८ | ७३१ | प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास / पुर्व प्राथमिक कक्षाकालागि अनुदान (ECD अनुदान रु . ५०० का दरले ) | ३६५५०० |
| २ | १८ | ६८० | कक्षा- १ ( बुक कर्नर रु . १०० का दरले ) | ६८०००० |
| ३ | १८ | २९२० | कक्षा १ – ५ ( रु . १५० का दरले ) | ४३८००० |
| ४ | १२ | १८५८ | कक्षा ६ – ८ ( रु . २०० का दरले ) | ३७७१००० |
| ५ | ५ | ६८० | कक्षा ९ – १० ( रु . २०० का दरले ) | १३६००० |
| ६ | ३ | ४६० | कक्षा ११ – १२ ( रु . २५० का दरले ) | ११५००० |
| | | | जम्मा | २१०६१०० |

४३ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्दृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई पुस्तकालय व्यवस्थापन र SCIENCE ल्याव व्यवस्थापनका लागी रु.६५००००।- का दरले निकासा भएको देखिन्छ। विद्यालयले खरिद गरी ल्याएका सामानको बील पेश गरेपनि खप्ने र नखप्ने जिन्सी सामान बर्गिकरण गरी तोकिएको ढाँचामा दाखिला तथा पुस्तकहरु क्रमबद्ध नम्बर उल्लेख गरेको फाँटवारी तथा संचालन प्रतिवेदन पेश गरेका छैन। खरिद गरिएका ल्यावको SCIENCE ल्यावका सामानको गुणस्तर परीक्षण भएको छैन। तोकिएको ढाँचामा जिन्सी दाखिला गरेको फाँटवारी तथा संचालन गरेको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि. नं . | विद्यालयको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | शहिद विष्णु पाण्डे आ. वि . | SCIENCE ल्याव | ६५०००० |
| २ | जनता आ. वि . | पुस्तकालय व्यवस्थापन | ६५०००० |
| जम्मा | | | १३०००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,००,००० |

४४ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस वर्ष २०० थान प्रति थानको रु. ८९८.०१ (भ्याट समेत) मा रु.१७९६०२ को खरिद गरेकोमा यस पालिका अन्तर्गतको १ बर्थिङ सेन्टरमा यस वर्ष १३५ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाले विभिन्न मितिमा १४० थान वर्थिङ सेन्टरमा हस्तान्तरण गरेको छ। पालिकाको भण्डारमा ६० थान न्यानो झोला मौज्दातमा रहेको जनाएको छ। साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन।अत: खरिद गरिएका झोलाको गुणस्तर परीक्षण हुनु पर्दछ।

४५ **अवकास कोष**

शिक्षा ऐन तथा नियमावलीमा अवकास योगदान सम्बन्धि कुनै कानुनी व्यवस्था देखिदैन। पालिकाले २०७६ देखि नियुक्ती भएका १७ जना शिक्षकहरुको तलवबाट अवकास कोष बापत यो बर्ष मात्र ६ प्रतिशत कट्टा गरी ६ प्रतिशत थप गरेर अवकास कोषमा यो वर्ष रु. ८ लाख ७६ हजार ६७९ जम्मा गरेको छ। तसर्थ अवकास कोषको योगदान कट्टी गर्ने आधार प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७६,६७९ |

४६ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । पालिकाले यस वर्ष ४५ आइटम औषधिहरु समुन्द्र मेडिको कन्सर्नबाट रु. १९३२००० सोझै खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

**औषधिको म्याद** – औषधि खरिदको सम्झौंताको बुँदा नं. ९ मा Expire date date हस्तान्तरण पछि कम्तिमा २ वर्ष भन्दा बढीको हुनुपर्ने , कुल Expire date दुई वर्षको मात्र भए ८० प्रतिशत Expire date बाँकी हुनुपर्ने उल्लेख छ। खरिद गरिएका ४५ आइटमका औषधिको हस्तान्तरण date मिति २०८०।५।२५ अर्थात २०२३ Sep ११ का हिसावले २ वर्षको समयावधि २०२५ Aug ११ हन्छ उक्त अवधि भन्दा कम अवधि भएका ३८ प्रकारका औषधिहरु पालिकाले स्वीकार गरको छ। अतः स्पेशिफिकेसनमा तोकिए अनुसार पूर्ण अवधि भएका औषधि मात्र खरिद गर्नुपर्दछ ।स्पेशिफिकेसनले तोकिए भन्दा कम म्याद भएका औषधिहरुका केही उदाहरणहरु निम्न छन :-

| क्र. सं . | औषधिको नाम | ब्याच नं. | म्याद सकिने मिति | खरिद परिमाण |
|---|---|---|---|---|
| १ | Amoxycillin225mg Tab | CUTT0322 | Jul-24 | १५००० |
| २ | Folic Acid 5mg Tab | TE5-026 | Oct-24 | २५२०० |
| ३ | Antacid Tab | VTT131 | Dec-24 | ८००० |
| ४ | Salbutamol 4mg | ALT9003 | Dec-24 | २०००० |
| ५ | Azithromycin 250mg | T79004 | Dec-24 | १५०० |

सोझै खरिद भएका औषधिहरुको मूल्य उत्पादकले राष्ट्रियस्तरको समचारपत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उप्पादित औषधि नै खरिद गरिएको हो भनी प्रमाणित गरेको छैन साथै आपूर्ति हुने औषधि स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति, उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने गरेको छैन । र पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन । अत: पालिकाले खरिद भएका औषधिहरुको सबै विवरण खुलाई औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

४७ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.३ क्रियाकलाप नं. २.४.६.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष गो.भौ.नं. ७२-०८०।१२।२८ बाट रु. ३०९२६५७।– र गो.भौ.नं. १२८-०८१।३।१३ बाट रु. ९९०७९५।– गरी जम्मा रु. ४०८३४५२ पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यालयले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको पालिकाले अनुगमन गरेको पाइएन । अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ। साथै तपसिल अनुसारका विद्यालयहरुलाई IEMIS मा उल्लेखित विद्यार्थी संख्याको आधारमा पाठ्यपुस्तक वापत उपलब्ध गराएको रकम भन्दा कम विद्यार्थी बराबरको रकमको पाठ्यपुस्तक बुझेको भरपाई प्राप्त भएकोले उक्त रकम विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.

| विद्यालय | निकासा रकम | भरपाई प्राप्त रकम | बढी निकासा |
|---|---|---|---|
| दिपक मा. वि . | ३१३१४९ | २७४३१३ | ३८८३६ |
| शुभकामना आ. वि . | २२४४१० | २१००९९ | १४३११ |
| दिपेन्द्र आ. वि . | २५७६१८ | २४२९९६ | १४६२२ |
| महेन्द्र मावि | ५६९८९५ | ५३५२३० | ३४६३२ |
| नेपाल राष्ट्रिय मा. वि . | ३२७१५९ | ३१५४८२ | ११६६७ |
| जम्मा | | | ११४०६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१४,०६८ |

४८ **स्यानिटरी प्याड**

पालिकाले यस वर्ष १६ हजार ८०० प्याकेट सेनेटरी प्याड रु. १६ लाख ४६हजार ४०० मा खरिद गरेको छ। यस सम्बन्धमा देखिएका वेहोरा निम्न छन् :

**१) लागत अनुमान** – सार्वजनिक खरिद नियमावली ,२०६४ को दफा नियम ११ उपनियम २ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकायमा रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत , स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर रेट आदीका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। नियम ८४ उपनियम १ मा बिस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान शिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले सो अनुसार लागत अनुमान तयार नगरी एन्जल टच हाइजिन म्यानुफ्याक्चरिङ्गबाट गो.भौ.नं ३१-२०८०।९।४ बाट Ultra Clear Day And Night 320mm 8 pcs प्रति प्याकेट मु.अ.कर समेत रु. ९८ प्रति प्याकेटको दरले रु. १६ लाख ४६ हजार ४०० को खरिद गरेको छ । यस सम्बन्धमा पालिकाले स्वदेशी उत्पादकबाट राष्ट्रिय पत्रिकामा प्रकाशित दर अनुसार खरिद गरेको जनाएको छ।

**२) प्याड वितरण** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि पालिकाले खरिद गरेका सबै प्याकेट १४ विद्यालयलाई एकै पटक मिति २०८०।९।३० मा हस्तान्तरण गरी बुझाएको छ। खरिद गरिएका प्याडहरु विद्यालयमा एकैपटक सबै प्याकेट हस्तान्तरण गर्दा विद्यालयले भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राख्न सक्ने वा नसक्ने अवस्थाको आंकलन नगरी हस्तान्तरण गरेको पाइयो । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तर ह्रास नआउने गरी भण्डारण क्षमता विश्लेषण गरेर मात्र प्याड खरिद तथा हस्तान्तरण गर्नु पर्दछ। साथै पालिकाले सेनेटरी प्याडको वितरण अवस्थाको अनुगमन गरेको छैन । विद्यालयले वितरण अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा नपठाउँदा प्याडको आवश्यकता अनुसार वितरण अवस्था यकिन हुन सकेन । यसर्थ पालिकाले आवश्यक अनुगमन गरी विद्यालयलाई प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ।

४९ **छात्रवृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं.७.२.१.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या एकिन गरी छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा धार्मिक विद्यालयमा समेत देहाय अनुसार २५ विद्यालयमा प्रति विद्यार्थी रु. ४०० का दरले रु १५१६००० निकासा गरेको छ। EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र. सं. | विद्यालय संख्या | विद्यार्थी संख्या | अनुदानको प्रकार | रकम |
|---|---|---|---|---|
| १ | २५ | १०३२ | दलित छात्रावृति ( १ – ८ ) | ४१२८०० |
| २ | २५ | २७५८ | छात्रा छात्रवृत्ति (कक्षा १ - ८ ) | ११०३२०० |
| जम्मा | | | | १५१६००० |

५० **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत १४४ दिनको ४३४७ विद्यार्थीको लागि रु. ९३ लाख ९१ हजार अनुदान २५ विद्यालयहरुलाई उपलब्ध गराएको छ। दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका

विद्यालयको प्रधानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र.अ. ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन। साथै विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वियन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन। अनुगमन गरी गुणस्तर सुनिश्चित गर्नु पर्दछ।

५१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ४० जनालाई औसत ७५.४५ दिनले रोजगारी उपलव्ध गराई रु. २०१६०२४ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

५२ **योजना अनुगमन भत्ता**

लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ मा नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ ।सुविधा सम्वन्धी ऐनमा अनुगमन भत्ता सम्बन्धमा कुनै व्यवस्था नरहेको र दफा १४ मा यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था गरेको छ । पालिकाले विभिन्न मितिमा योजनाहरुको अनुगमन गरे वापत अनुगमन समितिका पदाधिकारी तथा कर्मचारीलाई भत्ता रु.२८००००। भुक्तानी गरेको छ । पालिकाले योजना भुक्तानी गर्दा अनुगमन प्रतिवेदन राखे पनि उक्त भुक्तानी गर्दा स्रेस्ता साथ अनुगमन तथा माईन्युटको विवरण तथा तेरिज संलग्न गरेको छैन । ऐनको उक्त प्रावधान विपरित भएको खर्च नियम सम्मत नदेखिएको रु.

| गो भौ न | अनुगमन कार्य | रकम रु |
|---|---|---|
| ३३४।०८१।३।२४ | विभिन्न योजनाको अनुगमन भत्ता | १२०००० |
| ३२८।०८१।३।२४ | विभिन्न योजनाको अनुगमन भत्ता | १६०००० |
| जम्मा | | २८०००० |

| | |
|---|---|
| अनियमित भएको | २,८०,००० |

५३ **विज्ञापन वोर्ड कोष खाता कट्टी**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६(क) को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले निम्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा

पठाएको देखिएन । पालिकाले विज्ञापन नियमावलीको व्यवस्था अनुसार सुचना तथा विज्ञापनको रकम विज्ञापन बोर्डको कोष खातामा पठाउनु पर्ने रु.

| गो भौ न | विज्ञापन एजेन्सीको नाम | भुक्तानी रकम | ३ प्रतिशत |
|---|---|---|---|
| ६।०८१।१।२० | ग्लोबल ट्रेड एण्ड कन्सर्न प्रा ली | ९९६६६ | २८९० |
| १२४।०८१।१।२० | सहर्ष सप्लायर्स प्रा ली | १८५०९४ | ५५५२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४४२ |

५४ **सोलार जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतका नविकरणीय उर्जा प्रविधि जडानका लागि विभिन्न नविकरणीय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सोही आधारमा सौर्य बत्ती तथा सोलार बोरिङ्ग सम्बन्धित खरिद तथा जडान कार्यका लागि लागत अनुमान तथा खरिद कार्य गर्नु पर्दछ । साथै पालिकाले संघ सशर्त अन्तर्गत नविकरणीय उर्जा प्रविधि जडानका लागि विनियोजन भएकोमा सूचना प्रकासन तथा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य अनुसार वा जिल्ला दररेटमा उल्लेख भए अनुसारको लागत अनुमान तयार गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । पालिकाले यस वर्ष वैकल्पिक उर्जा अन्तर्गतको प्राप्त बजेटबाट २६ थान LED Buld, सोलार प्यानेल 5v 180 watt Solar Light, ब्याट्री 3.2 v र अन्य जडान सामाग्रीका लागि बजार दररेट लिई सोझै दरभाउपत्र मार्फत रु. ७६६८१८।– मा लाईट जडान कार्यका लागि समृद्ध नेपाल ईनर्जि प्रा.लि.लाई भुक्तानी गरेको छ । यस कार्यका लागि सम्बन्धित प्राविधिकसंग यथार्थपरक लागत अनुमान तयार हुनुपर्नेमा सो वेगर सोझै कोटेशन मार्फत खरिद गरेको उपयुक्त देखिएन । साथै उक्त सोलार जडान गर्ने स्थान सम्बन्धमा पारदर्शि रुपमा सूचना वा माग संकलन गर्नुपर्नेमा नगरेको तथा कुन कुन स्थानमा जडान गरेको हो सो सम्बन्धमा समेत प्रमाण संलग्न गरेको देखिएन । बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतको कार्यक्रममा यथार्थपरक लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्दछ । यससम्बन्धमा स्थान र जडान सम्बन्धमा फोटो सहितको प्रतिवेदन प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६६,८१८ |

५५ **शीत भण्डार निर्माण तथा सञ्चालन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा विस लाख लागत अनुमान भन्दा बढीको निर्माण कार्य वा खरिद बोलपत्र र सोही नियमावलीको नियम ८४ मा रु. बिस लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा खरिद शिलबन्दी दरभाउपत्रको माध्यमद्बारा गर्नु पर्ने व्यबस्था रहेको छ । यस पालिकाले प्रदेश सरकारको बजेटबाट २०७८।११।१८ मा सम्पन्न गर्ने गरी २०७८।०३।२२ मा कालीगण्डकी रविना जे.भि. सँग रु. ४९९४१२९९।९१ कबोल अकंमा सम्झौता भएको ५०० मेट्रिक टन क्षमताको शित भण्डार निर्माण योजना पटक पटक म्याद थप गरी मिति २०७९।०९।१९ मा अन्तिम बिल भुक्तानी भएर पनि संचालनमा आउन नसक्दा संरचनामा गरिएको लगानीको सार्थकता सिद्ध नहुने भएकोले शितभण्डार संचालनको लागि आवश्यक बाँकी काम सम्पन्न गरी यथाशिघ्र संचालनमा ल्याउनुपर्ने भनि गत वर्षको प्रतिवेदनमा उल्लेख रहेकोमा उक्त शितभण्डार हालसम्म संचालनमा आउन सकेको छैन । डब्लु .आर. सि. इन्जिनियर्स प्रा.लि मार्फत आ.व. २०७७।०७८ मा तयार गरिएको डिपिआर प्रतिवेदन अपूर्ण भएकोले शित भण्डार संचालनको लागि अत्यावश्यक गार्ड रुम, कार्यालय भवन, तौल लिने मेसिन/धर्मकाँटा जस्ता आधारभुत कुराहरु डिपिआर प्रतिवेदनमा समावेश नहुँदा २०७९।०९।१९ मा सम्पन्न भएर पनि अझै संचालनमा आउन नसकेको समेत उल्लेख भएको देखिन्छ । पालिकाले यस सम्बन्धमा उक्त शित भण्डार सञ्चालन गर्नका लागि चाहिने पूर्वाधार तथा सामाग्री एकिन गरी सोको प्याकेजिंग गरी खरिद कार्य गर्नुपर्नेमा यस वर्ष देहाय अनुसार सोझै खरिद गरेकोमा समेत शीत भण्डार सञ्चालनमा आउन सकेको छैन । यसरी शीत भण्डार संचालन गर्न चाहिने पूर्वाधार तथा खरिद कार्यको प्याकेजिंग नगरी कार्य गरेको नियम सम्मत नदेखिएको रु

| भौ नं | कार्य विवरण | फर्म | खर्च रु |
|---|---|---|---|
| ७४।०८०।१२।२५ | सीत भण्डारमा कोठा भित्र काठ फिटिङ्ग | शारदा सः मिल एण्ड फर्निचर उद्योग | ९९२६९२ |
| १५१ र १७८।०८१।२।२२ | सित भण्डारमा आवश्यक विधुतिय सामाग्री जडान | आरुष ईन्टरप्राईजेज एण्ड अर्डर सप्लायर्स | २८५३२५ |
| १४५।०८१।१।३१ | शीत भण्डार बाउन्ड्री तथा कुरुवा कक्ष निर्माण | शित भण्डार बाउन्ड्री तता कुरुवा कक्ष निर्माण उ.स. | १८९६६८७ |
| जम्मा | | | ३१७४७०४ |

| | |
|---|---|
| अनियमित भएको | ३१,७४,७०४ |

## ५६ सहकारीको पूर्वाधार निर्माण

स्थानीय सरकार संचालन ऐन, २०७४ मा नाफामुलक संस्थालाई अनुदान दिने उल्लेख गरेको पाइदैन । पालिकाले योजना छनौट गर्दा योजना छनौटका चरण पुरा गरी जनताको आवश्यकता र मागलाई मध्यनजर गरी बढी भन्दा बढी जनता लाभान्वित हुनेगरी योजना छनौट गर्नुपर्नेमा देहाय अनुसार नाफा आर्जन गर्ने उद्धेश्यले स्थापना भएका निम्न सहकारीको नाम उल्लेख गरी बजेट विनियोजन गरी अनुदान दिएको छ ।नाफा कमाउने उद्देश्यले स्थापित भएका संस्थाको सम्पत्ति बिक्री वितरण गर्नसक्ने अधिकार भएको तथा निश्चित व्यक्तिहरुले मात्र सम्पत्तिको उपयोग गर्न सक्ने संस्थाको भवन निर्माण कार्यको लागि भुक्तानी दिई खर्च लेखेको उपयुक्त नदेखिएको रु.

| भौ नं मिति | सहकारी विवरण | रकम रु |
|---|---|---|
| ६८।०८०।१२।११ | त्रिवेणी बहुमूखी सहकारी संस्थाको भवन व्यवस्थापन | ५००००० |
| २०।०८१।३।२४ | फुलवारी महिला विकास कृषि सहकारी | ९५५५३८ |
| | जम्मा | १४५५५३८ |

| | |
|---|---|
| अनियमित भएको | १४,५५,५३८ |

## ५७ विपन्न आवास कार्यक्रम

पालिकाले प्रदेश नं ५ जनता आवास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५ को परिच्छेद २ को दफा ३ र ४ मा लाभग्राहीको पहिचान गरी छनौट गर्ने व्यवस्था छ। त्यस्तै अनुसूची ४ बमोजिम भुक्तानी गर्दा जग खन्ने कार्य सम्पन्न पछि २५ प्रतिशत, प्लीन्थको काम सम्पन्न भएपछि ३०, गारो तयार भएपछि ३५ र छाना झ्याल ढोका र शौचालय निर्माणको कार्य सम्पन्न भएपछि बाँकि १० प्रतिशत रकम समेत जम्मा रु.३५००००।- लाभग्राहीको खातामा उपलब्ध गराइने तथा लागत सहभागिता वापत अनिवार्य रुपमा शुलभ शौचालय स्तरको एउटा शौचालय निर्माण गर्नुपर्ने उल्लेख रहेको छ।पालिकाले यस वर्ष छनौट भएका ३४ वटा लाभग्राहीलाई ३४ घर निर्माण गरी लाभग्राहीलाई रु ११८३२५४३।- भुक्तानी गरेकोमा लाभग्राही छनौट गर्दा कार्यविधिको दफा ४ बमोजिमको अनुसूची १ ले तोके बमोजिमले छनौट गरेको देखिएन । पालिकाले सूचनामा प्रदेश नं ५ जनता आवास कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७५ उल्लेख गरी पालिकाले उक्त कार्यविधिबाट रु. ३ लाख ५० हजारमा आवास निर्माण गर्ने अनुदान रकम निर्धारण गरी कार्यसम्पन्न अनुसार भुक्तानी गरेको छ।पालिकाले छनौट सम्बन्धी पालिकाबाट नै अनुसूची तयार गरी छनौट गरेको छ । पालिकाले यस सम्बन्धमा पालिकाबाट नै कार्यविधि तयार गरेको देखिएन । लाभग्राहीको बिलभरपाई तथा प्राविधिक मूल्यांकनको आधारमा किस्ताबन्दी नगरी एकमुष्ट भुक्तानी गरेको छ । यस सम्बन्धमा पालिकाले आवास निर्माण पश्चात लाभग्राहीहरुले नै उक्त आवास प्रयोग गरेको सम्बन्धमा अनुगमन गरेको देखिएन । पालिकाले विपन्न आवास कार्यक्रमका लागि कार्यविधि तयार गरी खर्च गर्नुपर्दछ।

## ५८ सुस्ता ताल सरसफाई कार्य

सार्वजनिक खरिद नियमावली, २०६३ को दफा ५४ मा सम्झौता कार्यान्वयनका वखत प्राविधिक पुष्ट्याई र कारण सहित भेरियसन आदेश जारि गर्न सक्ने व्यवस्था छ। पालिकामा रहेको सुस्ता तालको सरसफाई, संरक्षण र सौन्दर्यकीकरणका लागि पालिकाबाट रु. १ करोड बजेट विनियोजन भएको र सोका लागि मू.अ.कर बाहेक रु. ८८५२०००।– को लागत अनुमान तयार भएकोमा निर्माण व्यवसायी पैयु कन्स्ट्रक्सन एण्ड सप्लायर्ससंग मू.अ.कर र पि.एस. बाहेक रु. ५८०००००।– मा २०८१।३।१५ मा सम्पन्न हुने गरी २०८१।१।१८ मा सम्झौता भएको पाईयो । उक्त सम्झौतामा पालिका र निर्माण व्यवसायी बीच Earthwork Excavation in Marshy Soil as per drawing and technical specification आईटमका लागि ६२५०० वर्ग मीटर एरियामा ०.८० मीटर गहिराईको कार्य गर्न ५०००० घन मीटर माटोको रु. ११४ का दरले रु. ५७०००००।- लाखमा खन्ने कार्य गर्ने गरी उक्त आईटमको सम्झौता भएको र कुल सम्झौता मूअकर र पि.एस सहित रु. ६६०९०००।– मा सम्झौता भएको देखिन्छ । पालिकाले त्यस पश्चात गाउँपालिकाबाट ठेक्का आवहान गर्ने बेलामा कार्य स्थलको लागत अनुमान तयार गर्दा निर्माण स्थलमा पटेर लगायतको झाडी र पानी रहेको कारण कति गहिराई खन्ने भन्ने एकिन गर्न सहज नभएकोले ०.८० मीटर गहिराई खन्ने गरी ६२५०० वर्ग मिटरको अनुमान गरीएकोमा निर्माण व्यवसायीले सम्झौता अनुसार सरसफाई कार्य शुरु गरेको अवस्थामा प्राविधिकबाट स्थलगत अनुगमन गर्दा लागत अनुमानमा तोकिएको गहिराई खन्दा त्यस निर्माणाधिन स्थलमा पहिले देखि नै रहेका पटेर लगायतका घाँसको जराहरु तलसम्म रहेको र पुन ति पटेर लगायतका घाँस तुरन्तै बाँक्लो मात्रामा उम्रिने सम्भावना भएको र ताल सरसफाई गरेको सार्थकता नहुने उल्लेख गरेको छ । साथै उक्त स्थानमा गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार समेत अधिकतम गहिराई १.२ मीटर सम्म प्रतिवेदन रहेको जनाई मिति २०८१।१।२५ मा पेश गरेको प्रस्ताव २०८१।२।१६ मा कार्यपालिकाबाट १ मीटर गहिराई खन्ने कार्य गर्दा ५०००० वर्ग मीटर मात्र खन्न मिल्ने देखिएकोले १२५०० थप समेत ६२५०० वर्ग मीटरको १ मीटर गहिराई हुने गरी रु. ११४ का दरले रु. ७१२५०००।– कायम गरी १२५०० घन मीटरको रु. ११४ का दरले रु.१४२५०००।– थप भेरिएसन स्वीकृत गरी मू.अ.कर र पि.एस बाहेक रु. ७२२५०००।– सम्झौता कायम गरेको छ । यस सम्बन्धमा कार्यालयले ताल खन्ने क्रममा र खने पश्चात समेत सर्भे तथा पोष्ट डाटा अध्ययन गरेको र सोही अनुसार नै मूल्यांकन गरी भुक्तानी गरेको जनाएको छ।

## ५९ बढी कन्टिन्जेन्सी खर्च

पालिकाले सुत्र प्रणाली मार्फत कन्टिन्जेन्सी वापत योजनाहरुको लागि ३ प्रतिशत कट्टी गरी खर्च गर्न सकिन तोकिएको छ जसअनुसार पालिकाले सुत्र प्रणालीमा ३ प्रतिशतका दरले कट्टी गरेको छ । पालिकाले संघ समपुरक अनुदान तर्फ कुल खर्च रु. ९९७४१८३।०० गरेकोमा सोमध्ये कन्टिन्जेन्सी खर्च रु. ३५९२४०।०० रहेको छ । जसअनुसार पालिकाले निर्माण खर्च रु. ९६१४९४३।०० को तीन प्रतिशत मात्र कन्टिन्जेन्सी वापत रु. २८८४४८।०० खर्च गर्न पाउनेमा रु. ३५९२४०।०० खर्च गरेकोले रु. ७०७९१।०० बढी कन्टिन्जेन्सी खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७०,७९१ |

## ६० प्रिमिक्स कार्पेट

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७५ संशोधन समेतमा प्रिमिक्स कार्पेटिङ २० एम.एम. सम्मको उचाई हुने गरी तोकेको छ । कार्यालयले निम्नानुसारका कालोपत्रे कार्यमा सो भन्दा वढी उचाईको भुक्तानी दिएको देखियो । वढी उचाई ३० एम.एमको नापी गरी भुक्तानी दिएको पाईयो । यसरी स्पेशिफिकेशन भन्दा वढी हुनेगरी भुक्तानी भएको रकम स्पेशिफिकेसन विपरित भएकोले नियम सम्मत नदेखिएको रु.

| सि | विवरण | ठेक्का नं | योजना | बढी परिमाण घन मीटर | भुक्तानी दर रु | रकम रु |
|---|---|---|---|---|---|---|
| १ | प्रिमिक्सको कार्य १७१७. ३३ वर्ग मिटरको भएकोमा ०.०२ ले<br>प्रिमिक्स कार्पेटको परिमाण ३४ . ३४ हुनुपर्नेमा ५१ . ५२ घ.मिको भएको | NCB-9/80-81<br>महलवारीचोक देखि प्रसैया पुलसम्म सडक स्तरोन्नती | सुस्ता ईन्जिनियरिंग कन्स्ट्रकसन सप्लायर्स | १७.१७ | ११६०० | १९९१७२ |
| २ | प्रिमिक्सको कार्य १३४३. ०३ वर्ग मिटरको भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण २६ . ८६ हुनुपर्नेमा ३७ . ८६<br>घ.मिको भएको | NCB-11/80-81<br>ठूलो जरलैया चौक देखि वडा नं ४<br>कार्यालय अगाडिसम्म सडक स्तरोन्नती | पुन कन्स्ट्रक्सन | १०.९९ | १९५०० | २१४४८८ |
| ३ | प्रिमिक्सको कार्य ४८१. ३३ वर्ग मिटरको भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण ९ . ६३ हुनुपर्नेमा १४ . ४४ घ.मिको भएको | बरुवा नौडिहवा सडक स्तरउन्नती | मनिषा कन्स्ट्रकसन | ४.८१ | १५०९० | ७२६३३ |
| ४ | प्रिमिक्सको कार्य ५४०. ३३ वर्ग मिटरको भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण १० . ८१ हुनुपर्नेमा १६ . २१ घ.मिको भएको | सुस्ता १ बनकट्टीबाट बर्दघाट १५<br>जोड्ने बाटो स्तरोन्नती | गोपिगंज कन्स्ट्रक्सन एण्ड सप्लायर्स (प्रा. लि.) | ५.४ | १५०९५ | ८१५६३ |
| ५ | प्रिमिक्सको कार्य ५८०. ६७ वर्ग मिटरको भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण ११ . ६१ हुनुपर्नेमा १७ . ४२ घ.मिको भएको | बालपुरि मन्दिर अगाडी अधुरो कालोपत्रे | पालुस्थान निर्माण सेवा | ५.८१ | १५०९० | ८७६२२ |
| ६ | प्रिमिक्सको कार्य ५३० वर्ग मिटरको भएकोमा ०.०२ ले प्रिमिक्स कार्पेटको परिमाण १० . ६० हुनुपर्नेमा १५ . ९० घ.मिको भएको | बनदेबीका बिभिन्न सडक स्तरोन्नती | पैयु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ५.३ | १५००० | ८९८३५ |
| | जम्मा | | | | | ७४५३१३ |

| | |
|---|---|
| अनियमित भएको | ७,४५,३१३ |

६१ **पूँजिगत खरिद कार्य**

सार्वजनिक खरिद ऐन,२०६३ को नियम ८ मा खरिद विधि छनोट गरी मालसामान निर्माणकार्य वा अन्य सेवा खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले खरिद विधि छनोट नगरी देहायको विधिबाट खरिद गरी खर्च लेखेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा विस लाख लागत अनुमान भन्दा बढीको निर्माण कार्य वा खरिद बोलपत्र र सोही नियमावलीको नियम ८४ मा रु. बिस लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा खरिद शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गर्नु पर्ने व्यबस्था रहेको छ । कार्यालयले दिएको विवरण अनुसार देहाय अनुसारको खरिद प्रक्रिया मार्फत निर्माण तथा खरिद कार्य सम्पन्न गरेको छ । नियमावलीमा भएको व्यबस्था बमोजिम प्रतिस्पर्धालाई सिमित हुने गरी उपभोक्ता समिति र सोझै खरिद मार्फत निर्माण र खरिद कार्य गराउने कार्यमा नियन्त्रण हुनु पर्दछ। कार्यालयबाट प्राप्त भएको विवरण अनुसार २०८०।८१ मा भएका ठेक्का तथा योजना व्यवस्थापनका लागि पूजिगत तर्फ यो वर्ष १२ बोलपत्रबाट रु. ६ करोड ५३ लाख ७ हजार, सोझै खरिद दरभाउपत्र मार्फत ४१ योजनाका लागि रु. ३ करोड ४३ लाख ५८ हजार र उपभोक्ता समिति मार्फत १०६ योजनाका लागि रु.४ करोड ८९ लाख १५ हजार हाराहारीमा योजनाको कार्य भएको देखिन्छ । कार्यालयले सोझै दरभाउ पत्र मार्फत अधिकांश पि.सि.सि. ढलान, सडक स्तरोन्नती, ग्राभेलिङ, सव वेश र कालोपत्रे तथा अन्य भवन, कलभर्ट निर्माण जस्ता कार्य गरेको देखिन्छ भने उपभोक्ता समिति मार्फत अधिकांश, पि सि सि सडक ढलान, ग्राभेल तथा सडक स्तरोन्नती, बोरिङ जडान, अधुरो भवन तथा शौचालय र अन्य निर्माण कार्य रहेको देखिन्छ ।पालिकाले खरिद कानुन

बमोजिम प्रतिस्पर्धात्मक रुपमा कार्यहरुको प्याकेजिंग गरी बोलपत्र तथा सिलबन्दी दरभाउपत्र मार्फत खरिद कार्य गराउनुपर्नेमा अधिकांश योजनाहरुका लागि पालिकाबाट तथा वडाका लागि छुट्टा छुट्टै कार्यक्रम तथा बजेट विनियोजन गरी वडागत रुपमा कोटेशन मार्फत सोझै खरिद तथा उपभोक्ता समिति मार्फत कार्य गराएको देखिन्छ । वडाहरुले आफ्नो कार्यक्रम तथा बजेट अनुसार योजनाहरुको छुट्टै कोटेशनबाट सोझै खरिद कार्यहरु गरेको छ । पालिकाले खरिद कानुनको परिपालना गरी एकै प्रकृतिका कार्यका लागि प्याकेजिंग गरी सोझै विधिबाट खरिद गर्ने कार्यलाई न्यूनिकरण गरी पारदर्शिता तथा प्रतिस्पर्धात्मक खरिदलाई प्रवर्द्धन गर्नुपर्दछ । पालिकाले यस वर्ष देहाय अनुसार वडागत रुपमा कार्यक्रमका लागि छुट्टा छुटै बजेट विनियोजन गरी उक्त कार्यक्रमहरु दरभाउ पत्र मार्फत गराएको छ ।पालिकाले यसरी वडागत रुपमा रु १० लाख भन्दा घटीका कार्यक्रम तयार गरेर बजेट विनियोजन गरी दरभाउपत्र मार्फत सोझै कार्य गराउने कार्य नियन्त्रण गर्नुपर्दछ ।

## ६२ पदाधिकारी तथा कर्मचारी भुक्तानी

ई.एफ.टी (ईलेक्ट्रोनिक फण्ड ट्रान्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्दछ । पालिकाले देहाय अनुसार अमानतबाट कार्य गराई खर्च गरेकोमा सम्बन्धित आपूर्तिकर्ता।फर्मलाई भुक्तानी नदिई देहाय अनुसार पदाधिकारीको नाममा भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| भौ नं | योजना विवरण | भुक्तानी लिने | भुक्तानी रु. |
|---|---|---|---|
| ४।०८०।६।३० | योजना मर्मत सम्भार | वडा अध्यक्ष निल बहादुर गुरुङ्ग | ९६६४४ |
| ६।०८०।७।२ | योजना मर्मत सम्भार | वडा अध्यक्ष कृष्ण लाल मुखिया | ९२०३८ |
| ७।०८०।७।१७ | योजना मर्मत सम्भार | वडा अध्यक्ष हरि लाल दुसाध | ९०९७२ |
| | जम्मा | | २७९६५४ |

| अनियमित भएको | २,७९,६५४ |
|---|---|

## ६३ संघ समपुरक रकम

समपुरक अनुदान सम्बन्धि (तेश्रो संशोधन) कार्यविधि, २०७७ को दफा ६ मा सम्बन्धित कार्यक्रम।आयोजनाका लागि ५० प्रतिशत अनुदानको रकम सम्बन्धित स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ ।पालिकाले संघीय समपुरक अनुदान अन्तर्गत गाउँपालिका अध्यक्ष नमुना सडक योजनाका लागि संघ समपुरक बजेटबाट बोलपत्र मार्फत पालिका र समपुरकको बजेट समेत रु. १५७५३५०९।- खर्च भएकोमा सोको ५० प्रतिशतले हुने रु. ७८७६७५५।- मात्र समपुरक बजेटबाट खर्च गर्नुपर्नेमा रु.९६१४९४३।०० खर्च लेखेकोले समपुरक अनुदान तर्फ खर्चको अंश रु. १७३८१८८।०० बढी देखिएकोले संघीय संचित कोषमा फिर्ता हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | १७,३८,१८८ |
|---|---|

## ६४ बोलपत्र प्रतिस्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले विद्युतीय वोलपत्र मार्फत प्रतिस्पर्धा गराई आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक तथा भवन निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस वर्ष पालिकाले १२ वटा बोलपत्र व्यवस्थापन गरेकोमा सोमध्ये १ मात्र बोलपत्रकर्ता भएको एवं लागत अनुमानको तुलनामा न्यून प्रतिशत घटीमा कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| ठेक्का नं | योजना | बोलपत्रकर्ता | लागत अनुमान | सम्झौता | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| NCB-3/80-81 | थारु टोल देखि श्रीरामपुर जोड्ने सडक स्तरोन्नती | सुस्ता ईन्जिनियरिंग कन्स्ट्रकसन सप्लायर्स | ४८१०९३० | ४७६९४७० | ०.८६ |
| NCB-5/80-81 | बलिनगर देखि महलवारी जाने अधुरो सडक स्तरोन्नती | सुस्ता ईन्जिनियरिंग कन्स्ट्रकसन सप्लायर्स | २६७७०१० | २६३६६६४ | १.५३ |
| NCB-10/80-81 | सेमरी तरैनी देखि बाँध सम्म कालोपत्रे | पैयु कन्स्ट्रक्सन सप्लायर्स प्रा लि | ३३९३८५४ | ३३८८५४९ | ०.१४ |
| NCB-11/80-81 | ठूलो जरलैया चौक देखि वडा नं ४ कार्यालय अगाडिसम्म सडक स्तरोन्नती | पुन कन्स्ट्रक्सन | २४१८६३१ | २३९०३४२ | १.१५ |

## ६५ प्रोभिजनल सम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा विल भरपाई तथा रित पुगे नपुगेको चेक जाँच गरी मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।निर्माण व्यवसायीसंग भएको सम्झौताको प्रिएम्बलमा समेत प्रोभिजनल समको विल भरपाई अनुसार भुक्तानी गर्नुपर्ने उल्लेख छ । ठेक्का नं NCB-2/80-81 का निर्माण व्यवसायी भट्ट निर्माण सेवा संग भएको सम्झौता अनुसार प्रोभिजनल सममा भएको ल्याब टेस्ट वापतको भुक्तानी भएकोमा ल्याब टेस्टको रु २५७५०।- विल पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,७५० |

## ६६ कन्टिन्जेन्सी खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । यस पालिकाले प्रत्येक योजनाबाट ३ प्रतिशत कन्टिन्जेन्सी बजेट राखेकोमा कन्टिन्जेन्सी खर्च तर्फ यस वर्ष रु. २० लाख २८ हजार खर्च गरेको सुत्र प्रणालीबाट देखिन्छ ।कन्टिन्जेन्सी तर्फ भ्रमण खर्च, प्रयोगशाला सामाग्री खरिद, मसलन्द, अनुगमन, सवारी मर्मत तथा अन्य विविध खर्च गरेको देखिएकोमा अभिलेख राखेको छैन । कन्टिन्जेन्सी सम्बन्धि कार्यविधि अनुसारको खर्चको प्रकृति अनुसार कन्टिन्जेन्सी विवरण राख्नुपर्नेमा राखेको छैन । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा संग सम्वन्धितमात्र खर्च गर्नुपर्नेमा गरेको देखिदैन । चालु प्रकृतिका कार्यालय संञ्चालन खर्चमा छुट्टै वजेट विनियोजन भएको अवस्थामा यस प्रकारको खर्च स्वभाविक देखिदैन । कार्यालयले कन्टिन्जेन्सी खर्च सम्बन्धि अद्यावधिक अभिलेख राख्नुका साथै खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कन्टिजेन्सीवाट खर्च गर्नुपर्ने देखिन्छ ।

## ६७ तराई-मधेश समृद्धि कार्यक्रम लागत सहभागिता

तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ (पहिलो संशोधन) को दफा ५ को उपदफा १ मा आयोजना सञ्चालनका लागि कार्यक्रमको तर्फबाट सतरी प्रतिशत र स्थानीय तहको न्यूनतम तीस प्रतिशत लागत सहभागिता रहने उल्लेख छ । पालिकाले थारु संग्रहालय निर्माण सुस्ता गाउँपालिका वडा नं.५ तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गतका आयोजनामा कुल बजेट रु. २५ लाख प्राप्त भएककोमा न्यून लागत सहभागिता गरी कार्यक्रमको बजेटबाट शत प्रतिशत खर्च भएको देखिन्छ । पालिकाले कार्यसम्पन्न रकम मध्ये भुक्तानी भएको रु. २६६०७५८।– मध्ये पालिका बाट ३० प्रतिशत रु. ७९८२२७।– व्यहोर्नुपर्नेमा निर्देशिका विपरित रु. १६०७५८।– मात्र पालिकाबाट लागत साझेदारी गरेकोले संघिय रकम रु. ६३७४६९।– बढी खर्च भएकोले संघीय संचित कोष फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६,३७,४६९ |
|---|---|

## ६८ लागत सहभागिता

पालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## ६९ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । कार्यालयबाट पेश भएको विवरण अनुसार यस वर्ष १०६ योजनामा रु. ४ करोड ८९ लाख १५ हजार उपभोक्ता समितिलाई भुक्तानी भएको छ ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन ।
- उपभोक्ता समितिको कार्यको लागत अनुमान तयार गर्दा प्रत्येक आईटमा मू.अ.कर संलग्न गरी सोको मूल्यांकनमा भुक्तानी दिने गरेकोमा सोही अनुसार मू.अ.कर विल प्राप्त गरेको एकिन गरेको छैन । पालिकाले सामाग्रीहरुको मू.अ.कर विल संलग्न गरे तापनि अधिकांश आईटमको मूल्य विलमा कम राखी विल पेश भएकोले मू.अ.कर बढी भुक्तानी हुने देखिन्छ । पालिकाले पेश भएको मू.अ.कर विल अनुसारको मात्र मू.अ.कर जोडी भुक्तानी दिनुपर्दछ ।
- अनुगमन समितिले सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै

नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

७० **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको केही रनिंग बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा केही योजनाको कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७१ **उपभोक्ता समितिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । उदाहरणका लागि : पालिकाले बनारसी कुट्टी देखि रम्भा हरिजनको घर सम्म आर.सि.सि. ढलान कार्यका लागि उपभोक्ता समितिलाई भौ नं ८।०८१।१।३१ बाट रु. १९३६९२७।– भुक्तानी दिएको छ । उक्त कार्यका लागि रु. २२२९४८८।– को लागत अनुमानमा सम्झौता गरी रु. २२२६४१५।– मा कार्यसम्पन्न गरेको छ । उक्त कार्यका लागि रु. १९३६९२७।– भुक्तानी गरेकोमा उपभोक्ता समितिले डोर हाजिरी बाहेक सिमेन्ट, सरिया, गिट्टी, बालुवा, माटो, फर्मा तथा माटो र ग्राभेल कम्प्याकसन समेत सप्लायर्सको विल रु. १५६८४४१।– संलग्न गरेको पाईयो । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ।

७२ **उपभोक्ताबाट विद्युतीकरण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । उदाहरण :

| सि नं | उपभोक्ता समितिको नाम | कामको विवरण | लागत अनुमान | कार्यसम्पन्न रु | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ग्रामिण विद्युतीकरण कार्यक्रम उ. स . | ४५ थान ९ मिटर विद्युत पोल समेत विद्युत सम्बन्धि सामाग्री खरिद तथा जडान | १४५८९५८ | १४६९५६९ | १२१६७७० |

७३ **उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी हेर्दा पालिकाले देहाय अनुसारका उपभोक्ता समितिका कार्यमा उपभोक्ताले पेश गरेको मूल्य अभिवृद्धि कर सहितको विल भरपाई भन्दा बढी हुने गरी मूल्य अभिवृद्धि लागत अनुमानमा समावेश गरी मूल्यांकन अनुसार भुक्तानी दिँदा बढी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु

| भौ नं मिति | उपभोक्ता समिति | भुक्तानी रु | विवरण | मूल्यांकन अनुसार भुक्तानी भएको मूअकर | पेश भएको मूअकर विल अनुसार | मूअकर बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| ८।०८१।१।३१ | बनारसी कुट्टी देखि रम्भा हरिजनको घर सम्म आर.सि.सि. ढलान उपभोक्ता समिति | १९३६९२७ | सिमेन्टको कार्यमा ४९७ बोरा सिमेन्ट हुनुपर्नेमा मूल्यांकन अनुसार मूअकरसमेत रु. ३४२५२८।- भुक्तानी भएकोमा रु . २८४३०८ को विल पेश | ३९४१२ | ३२७०८ | ६७०४ |
| २९३।०८१।३।२३ | थारू संग्रालय निर्माण उपभोक्ता समिति | | सिमेन्टको कार्यमा ३६९ बोरा सिमेन्ट हुनुपर्नेमा मूल्यांकन अनुसार मूअकरसमेत रु. २७५७६०।- भुक्तानी भएकोमा रु . १९४७५६ को विल पेश | ३१७२५ | २२४०६ | ९३१९ |
| ३९।०८१।३।१४ | ब्रहम बाबा मन्दिर निर्माण उपभोक्ता समिति | २३९६४७१ | सिमेन्टको कार्यमा ३०१ बोरा सिमेन्ट हुनुपर्नेमा मूल्यांकन अनुसार मूअकरसमेत रु. २२६४६३।- भुक्तानी भएकोमा रु . १२३७३५। - को विल पेश | २६०५३ | १४२३५ | ११८१८ |
| २५।०८०।१०।१८ | पि सि सि निर्माण उ उ | ४८४३८४ | सिमेन्टको कार्यमा २४४ बोरा सिमेन्ट हुनुपर्नेमा मूल्यांकन अनुसार मूअकरसमेत रु. १६८१८९।- भुक्तानी भएकोमा रु . १४१०२४। - को विल पेश | १९३४९ | १६२२४ | ३१२५ |
| ५०।०८०।११।१८ | महलबारी पुल बाट दुर्गा मन्दिर हुदै पैनी सम्म सडक विस्तार उपभोक्ता समिति | १४५२६९१ | सिमेन्टको कार्यमा ४७० बोरा सिमेन्ट हुनुपर्नेमा मूल्यांकन अनुसार मूअकरसमेत रु. ३२३९७१।- भुक्तानी भएकोमा रु . २४८६००। - को विल पेश | ३७२७१ | २८६०० | ८६७१ |
| ५३।०८०।११।२९ | बाटो पि.सी.सी. र नाला निर्माण उपभोक्ता समिति | ८७१२३० | सिमेन्टको कार्यमा ४५० बोरा सिमेन्ट हुनुपर्नेमा मूल्यांकन अनुसार मूअकरसमेत रु. ३१०१८५।- भुक्तानी भएकोमा रु . २३१८०८ को विल पेश | ३५६८५ | २६६६८ | ९०१७ |
| ७१।०८०।१२।११ | आशुतोष टोलमा भित्रि बाटो पि.सि.सि. उपभोक्ता समिति | ४८३१८० | सिमेन्टको कार्यमा २६० बोरा सिमेन्ट हुनुपर्नेमा मूल्यांकन अनुसार मूअकरसमेत रु. १७९२१८।- | २०६१८ | १५४४४ | ५१७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | भुक्तानी<br>भएकोमा रु . १३४२४४। - को विल पेश | | | |
| २२।०८०। १०।१६ | पानी स्टोरेज निर्माण उस | ४८१९९६ | ईटाको गारो लगाउने कार्यमा २०७९१ ईटा हुनुपर्ने र<br>मूल्यांकन अनुसार मूअकरसमेत रु. ३४४१८५।००<br>भुक्तानी<br>भएकोमा रु . २८४७६०। को विल पेश | ३९५९६ | ३२७६० | ६८३६ |
| १५३।०८१। २।२ | सुन्दरिमाईको स्थानमा माटो पुरी धर्मशाला निर्माण उपभोक्ता समिति | ४८२२१५ | ईटाको गारो लगाउने कार्यमा १०९२३ ईटा हुनुपर्ने र<br>मूल्यांकन अनुसार मूअकरसमेत रु. १८०८२५।००<br>भुक्तानी<br>भएकोमा रु . १३६७३०। को विल पेश | २०८०३ | १५७३० | ५०७३ |
| ३३२।०८१। ३।२४ | चुहाडीमा शौचालय निर्माण | ९६८९६३ | ईटाको गारो लगाउने कार्यमा ९१८५ ईटा हुनुपर्ने र<br>मूल्यांकन<br>अनुसार मूअकरसमेत रु. १५२०५३। ०० भुक्तानी<br>भएकोमा रु . १०५०९०। को विल पेश | १७४९३ | १२०९० | ५४०३ |
| 258.081.3.17 | लक्ष्मीनारायण अधुरो धर्मशाला निर्माण<br>उपभोक्ता समिति | | ईटाको गारो लगाउने कार्यमा १६१३३ ईटा हुनुपर्ने र<br>मूल्यांकन अनुसार मूअकरसमेत रु. २६७०७४।००<br>भुक्तानी<br>भएकोमा रु . १९२६६५। को विल पेश | ३०७२५ | २२१६५ | ८५६० |
| | | जम्मा | | | | ७९७०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,७०० |

७४ **उपभोक्ता समितिबाट कार्यालय निर्माणका कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र उपनियम १२ अनुसार उक्त निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरण नहुने भवन लगायतका अन्य संरचनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेको पाइयो । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा उक्त कार्य नियन्त्रण भएको देखिएन । यसरी लाभग्राही समुदायले प्रत्यक्ष लाभ लिन नसक्ने विषयमा समेत जनश्रमदान सहित निर्माण कार्य उपभोक्ता समितिबाट गराउन नमिल्ने भएकोले उक्त कार्य नियम सम्मत नदेखिएको रु.

| भौ नं | निर्माण कार्य उपभोक्ता समिति | सम्झौता रु | कार्यसम्पन्न रु | भुक्तानी रु |
|---|---|---|---|---|
| ३०२।०८१।२।२३ | वडा कार्यालयको कम्पाउण्ड ब्यवस्थापन | १०८०७१७ | १०७९७२० | ९६९००३ |
| २४६।०८१।३।१३ | वडाकार्यालय को बाउन्ड्रीमा जाली तथा पलाष्टर | ६४०६५३ | ६२६८११ | ५५५९०७ |
| २४८।०८१।३।१३ | स्वास्थ्य भवनमा अपाङ्गमैत्री सौचालय तथा सिडी र रेलिङ्ग निर्माण | ४३२०३७ | ४२४९८८ | ३९०९५१ |
| | जम्मा | | | १९१५८६१ |

| | |
|---|---|
| अनियमित भएको | १९,१५,८६१ |

७५ **मू.अ.कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| भौ नं मिति | कार्य | फर्म | कर दर्ता नं | विल नं मिति | रकम | भ्याट | कैफियत |
|---|---|---|---|---|---|---|---|
| प्रदेश ३९।०८१।३।१४ | ब्रहमबाबा मन्दिर निर्माण उपभोक्ता समिति सुस्ता १ | शिवशक्ति ईटा उद्योग | ३०४२९३४८९ | २५ | २३४००० | ३०४२० | विजक नं केरेको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,४२० |

७६ **अमानतबाट आय ठेक्का**

रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा २४ मा कुनै सरकारी रकम वा कामका सम्बन्धमा समयमै ठेक्का बन्दोवस्त हुन नसकेमा नेपाल सरकारले त्यस्तो ठेक्काको काम अमानतबाट चलाउन आदेश दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले नारायणी नदी क्षेत्रबाट उत्खनन् गर्न सकिने प्राकृतिक स्रोतको प्रारम्भिक वातावरणीय मुल्याङ्कन (IEE) तथा प्राविधिक प्रतिवेदन मिति २०८०।८।२५ मा सम्पन्न गरेको भएतापनि प्रदेश आर्थिक ऐन, २०८० बमोजिम प्रति घनफिट रु.८ को दरले ढुङ्गा, गिट्टी र बालुवा अमानतबाट कार्य गर्ने गरी कार्यपालिकाबाट २०८०।११।१६ मा निर्णय भएको देखियो । सो अनुसार मिति २०८१।२।३० सम्म अमानतबाट कार्य सम्पन्न गरीसक्ने निर्णय भएको पाइयो। तसर्थ पालिकाले यस वर्ष विभिन्न १७ वटा व्यक्ति तथा फर्महरुलाई जम्मा १६६६६८५ घनफिट बिक्री गरी रु १३३३३४८० (भ्याट बाहेक) आम्दानी प्राप्त गरेको छ । यस सम्बन्धी व्यहोराहरु निम्न छन् ।

| फर्मको नाम | उत्खनन् क्षेत्र | उत्खनन् गरिएको परिमाण ( घनफिटमा ) | जम्मा रकम( भ्याट बाहेक ) रु . |
|---|---|---|---|
| रिना सिंह कन्ट्रकसन | पक्लीहवा बगरघाट (क) | ३११८९ | २४९५१२ |
| प्रताप कन्ट्रक्सन | तैरेनी पक्लीहवा घाट खण्ड (घ) | १६२९१६ | १३०३३२८ |
| संजय कुमार शर्मा | पक्लीहवा बगरघाट (क) | २७६१६ | २२०९२८ |
| अरविन्द कुमार सिंह | तैरेनी पक्लीहवा घाट खण्ड (घ) | १७६५८ | १४१२६४ |
| घनश्याम चोबे कन्ट्रयाक्टर | तैरेनी पक्लीहवा खण्ड (घ) | १५८९१७ | १२७१३३६ |
| एके कन्ट्रक्सन | तैरेनी पक्लीहवा घाट खण्ड (ग) | ९७१२२ | ७७६९७६ |
| सन्जय कुमार श्रेष्ठ | तैरेनी पक्लीहवा घाट खण्ड ( ख ) | ८८२८७ | ७०६२९६ |
| राम अवाद यादव | तैरेनी पक्लीहवा घाट खण्ड (घ) | २२९५० | १८३६०० |
| यादव एण्ड सन्स | तैरेनी पक्लीहवा घाट खण्ड (ग) र (क) | ९००५२८ | ७२०४२२४ |
| आयुस विविध सप्लायर्स | पक्लीहवा बगरघाट (क) | १७६६० | १४१२८० |
| नरसाही ब्रडरस कन्ट्रक्सन | पक्लीहवा बगरघाट (क) | ४२३८० | ३३९०४० |
| माँ गंगोत्री निर्माण सेवा | पक्लीहवा बगरघाट (क) | १७६६० | १४१२८० |
| सन्जानी सप्लायर्स | पक्लीहवा बगरघाट (क) | १७६६० | १४१२८० |
| प्रतिमा इन्टरप्राइजेज | पक्लीहवा बगरघाट (क) | ३५३२० | २८२५६० |
| आशिस निर्माण सेवा | पक्लीहवा बगरघाट (क) | ३५३२ | २८२५६ |
| दिपक सप्लायर्स | पक्लीहवा बगरघाट (क) | १७६६० | १४१२८० |
| बज्रगुरु महालक्ष्मी जेभि | तैरेनी पक्लीहवा घाट खण्ड (घ) | ७६३० | ६१०४० |
| जम्मा | | १६६६६८५ | १३३३३४८० |

- गाउँपालिकाले उपरोक्त अनुसार व्यक्ति तथा निर्माण व्यवसायीलाई १६६६६८५ घनफिट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा निकासीको लागि अनुमति दिएको देखिन्छ । पालिकाले संकलन अनुमति दिईसकेपश्चात सम्बन्धित व्यक्ति तथा निर्माण व्यवसायीलाई घाटगद्दी गर्न लगाई नापचाँच गरी सोही बमोजिम छोडपुर्जीको आधारमा निकासी अनुमति दिनुपर्नेमा प्राविधिक प्रतिवेदन वेगर निकासी अनुमति दिएको देखियो । प्राविधिक नापजाँच नगरी निकासी अनुमति दिँदा विक्री भएको वास्तविक परिमाण एकिन नहुने भएकोले घाटगद्दी गर्न लगाई प्राविधिकले नापजाँच गरेपश्चात मात्र निकासी अनुमति दिई आयठेक्का व्यवस्थापन गर्नुपर्दछ ।
- गाउँपालिकाले आयठेक्का व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय मुल्याङ्कन प्रतिवेदन तयार गरेको मितिले झण्डै ६ महिना ढिला गरी अमानतबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् गर्ने निर्णय गरेकोले आय ठेक्का व्यवस्थापनमा बढाबढको प्रतिस्पर्धा भएको देखिएन । समयमै आय ठेक्का व्यवस्थापन गरी गाउँपालिकाको आन्तरिक आम्दानी संकलन गर्नुपर्दछ ।

७७ **आय ठेक्का**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम ढुङ्गा ,गिट्टी, बालुवा बिक्री गरी पालिकाले बिक्रीबाट प्राप्त राजस्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार नदीजन्य आय ठेक्काको लागि १ वटा नदी

नारायणी नदी रहेकोमा सो नदीमा जम्मा २ वटा घाटहरु (पक्लीहवा वगरघाट र तैरेनी पक्लीहवा घाट ) रहेका छन् भने सोही घाटहरुलाई ४/४ वटा खण्ड गरी विभाजन गरेको पाइयो। पालिकाले नारायणी नदीको २ वटा घाटमध्ये पक्लिहवा बगरघाट क्षेत्रको लागि ४ खण्डमा विभाजन गरी ढुङ्गा ,गिट्टी, बालुवा बिक्री सम्बन्धी दरभाउ पत्र मिति २०८०।९।१० गते प्रथम पटक सुचना प्रकाशन गर्दा ठेक्का नलागेको र पुन: मिति २०८१।१०।१२ गते दोस्रो पटक सुचना प्रकाशन गर्दा समेत पनि आय ठेक्का नलागेको भनि पालिकाले विवरण पेश गरेको छ। नियमानुसार ढुङ्गा ,गिट्टी, बालुवा बिक्रीको परिमाण र दर रेटको लागत इष्टिमेट तयार गरी कम्तिमा तेस्रो पटक सम्म सुचना प्रकाशन गर्नुपर्ने सो गरेको पाइएन।साथै नारायणी नदीमा पर्ने अर्को घाट तैरेनी पक्लिहवा घाटका लागि पालिकाले २८२१५०० घन.फिट. उत्खनन् गर्न सकिने गरी IEE प्रतिवेदन तयार गरे तापनि सो घाट सम्बन्धी यो वर्ष कुनैपनि आयठेक्का आव्हान नगरेको पाइयो।उक्त घाटका लागि तयार पारिएको IEE प्रतिवेदनमा कुनैपनि जोखिमका विषयहरु समाबेश नहुँदा समेत पनि पालिकाले आय ठेक्का आव्हान नगर्दा यस घाटबाट प्राप्त हुन सक्ने ठेक्का वापतको रोयल्टी रकम संकलन हुन सकेन। यस वर्ष आय ठेक्का नलागेको वगरघाट उत्खनन् क्षेत्रका ४ खण्डहरु यस प्रकार रहेका छन् –

| बोलपत्रको विवरण | उत्खनन् क्षेत्रको नाम | उत्खनन् परिमाण ( घन फिट ) | न्युनतम कवोल अंक ( प्रदेशको दर रेट अनुसार ) रु . |
|---|---|---|---|
| सुस्ता वडा नं. ५ मा अवस्थित नारायणी नदीको ( पक्लीहवा ) बगरघाट क्षेत्र | पक्लिहवा बगरघाट खण्ड १ | ५९३२८६.४ | ४७४६२९१ |
| | पक्लिहवा बगरघाट खण्ड २ | ५९३२८६.४ | ४७४६२९१ |
| | पक्लिहवा बगरघाट खण्ड ३ | ५९३२८६.४ | ४७४६२९१ |
| | पक्लिहवा बगरघाट खण्ड ४ | ५९३२८६.४ | ४७४६२९१ |
| जम्मा | | २३७३१४५.६ | १८९८५१६४.८ |

७८ **IEE प्रतिवेदन परिमाण**

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४(ग) मा नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र विक्री गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी उत्खनन् गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले तैरेनी (पक्लीहवा) घाटका लागि भनि अमानतबाट राजस्व संकलन गरेको पाइयो।सोही बमोजिम IEE प्रतिवेदन मा सोही घाटको खण्ड “क” को लागि उत्खनन् गर्न सकिने भनी जम्मा ६९५६१५.१७ घनफिटको परिमाण समावेश गरेको छ।पालिकाले यादव एण्ड सन्स निर्माण व्यवसायी संग गण्डकी सम्झौता (आयोजना) अन्तर्गतको तटबन्धन सम्बन्धी कार्यका लागि भनेर मिति २०८०।१२।१५ गतेका दिन उक्त निर्माण व्यवसायीको सबकन्ट्रयाक्टर भवानी शंकर यादवलाई तैरेनी घाट खण्ड (क) मा अमानतबाट ढुङ्गा,गिट्टी,बालुवा उठाउन दिने गरी पत्र पेशको आधारमा संझौता भएको छ।उक्त निर्माण व्यवसायीलाई पालिकाले मिति २०८१।२।३० गते भित्र तैरेनी घाट खण्ड (क) मा मालवस्तु उत्खनन् गरिसक्नु पर्ने गरी संझौता गरेको छ। सोही सम्झौता अनुरुप पालिकाले मिति २०८०।१२।१६ को चलानी नं. १७५५ मा ३५३१४७ घनफिट बराबरको ढुङ्गा,गिट्टी,बालुवा उत्खनन् गर्न सक्ने गरी अनुमति दिएको पाइयो।त्यसैगरी सोही क्षेत्रमा दोस्रो पटक मिति २०८०।१२।१६ को चलानी नं. १८८१ मा ३५३१४७ घनफिट उत्खनन् गर्न सकिने गरी अनुमति प्रदान गरेको छ। उक्त निर्माण व्यवसायीलाई तैरेनी घाट खण्ड( क) मा मात्रै कुल ७०६२९४ घनफिट ढुङ्गा,गिट्टी,बालुवा उत्खनन् गर्ने गरी संझौता गरी अनुमति प्रदान गरेको छ। तर तैरेनी घाट खण्ड (क) का लागि बनाइएको IEE प्रतिवेदन अनुसार जम्मा ६९५६१५.१७ घनफिट मात्र मेटरियल उत्खनन् गर्न सकिने उल्लेख छ।जस अनुसार पालिकाले IEE मा तोकिएको परिमाण भन्दा १०६७८.८ घनफिट बढी परिमाणको कार्यादेश तथा अनुमति दिएको पाइयो । यसरी प्राकृतिक जोखिमको पहिचान नगरी, प्राविधिक अनुगमन तथा निरीक्षणको प्रतिवेदन तयार नपारी र वातावरणीय अध्ययन प्रतिवेदन (IEE REPORT) विपरित रही यसरी ढुङ्गा,गिट्टी,बालुवा उत्खनन् गराउने गरी संझौता गर्नु नियमसंगत मान्न सकिदैन। यसरी नदीजन्य पदार्थबाट मेटरियल उत्खनन् गराउँदा IEE प्रतिवेदनलाई आधार बनाएर मात्र उत्खनन् गराउनु पर्दछ ।

७९ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्:

**भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा दाखिला गर्न पहिलो ,दोस्रो, तेस्रो र चौथो त्रैमासिक गरी जम्मा रु, १२ करोड ७५ लाख १२ हजार २७८ बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र लाभग्राही समक्ष रकम EFT गरेको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र सम्बन्धित खातामा रकम पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

**फिर्ता गर्नु पर्ने रकम :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन । तर उल्लेखित लाभग्राहीहरुको बैंक खाताको नमुना परीक्षण गर्दा मृत्यु पश्चातपनि रकम फिर्ता नभई बैंक मै होल्ड रहेको पाइयो ।यसरी होल्डमा रहेको रकमलाई संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा नगरेकोले सम्बन्धित बैंकलाई पत्र लेखी संघीय संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नपर्ने रु.

| नाम | नागरिकता नं. | वडा नं. | क्षेत्र | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| देव नारायण महतो | ८०५३ | १ | अन्य जेष्ठ नागरिक | ७८७१ |
| त्रिलोकी धोवि | १५७२ | ४ | | ६७१० |
| साबित्री देवी थारु | ४६७ | २ | | ४७७४ |
| हिरमती चमार | १२६ | ३ | | ६७१० |
| सोनियादेवि लोनिया | ८३५९ | १ | | १०१९४ |
| मिन बहादुर गाहा मगर | १४५२ | ५ | | ६८३९ |
| जम्मा | | | | ४३०९८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,०९८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सुस्ता गाउँपालिका, नवलपरासी , सुस्ता गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पश्चिम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बुद्ध प्रकाश पौडेल | २०७८-१०-२८ | २०८०-६-१४ |
| कार्यालय प्रमुख | HUM LAL BHUSAL | २०८०-६-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गणेश पन्थी | २०७८-१२-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२७,९६० | १२,५४९,४३१ | ५,३९२,६७२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,१७०,०६३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,१७०,०६३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २५२२९८७५७.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८४९४७३६३.६८ | **चालु खर्च** | २३२६१२८८१.२९ |
| **प्रदेश सरकारबाट अनुदान** | २४४४११८० | **पूँजीगत खर्च** | १७९०८९९८८ |
| **राजश्व बाँडफाँट** | ११५८२९२३३.७९ | **वित्तीय/अन्य व्यवस्था** | १३६३१९९९६.२५ |
| **आन्तरिक आय** | २७६१२८५६.४३ | | |
| **अन्य आय** | ५००८४४०.६६ | | |
| **कुल आय** | ५५७८३९०७४.५६ | **कुल खर्च** | ५४८०२२८६५.५४ |
| **बाँकी मौज्दात** | | २६२११४९६६.७२ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण बेहोरा पूर्ण रुपमा कार्यान्वियन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।